# गौमुखी गाउँपालिका

# स्थानीय राजपत्र

गौमुखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १ संख्याः ३० मितिः २०७६/०७/२१

## भाग-१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम गौमुखी गाउँपालिकाको गाउँसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७५ सालको ऐन नं. ६**

**गौमुखी गाउँपालिका न्यायिक समितिले उजुरीको कारबाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको (पहिलो संशोधन) ऐन, २०७५**

पहिलो संशोधन मितिः २०७५/११/२९

गौमुखी गाउँपालिका न्यायिक समितिले उजुरीको कारबाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनिय भएकोले,

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरि गौमुखी गाँउपालिकाको गाँउसभाले गौमुखी गाँउपालिका न्यायिक समितिले उजुरीको कारवाही र किनारा गर्दा अपनाउनुपर्ने  कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ मा देहायका दफा तथा अनुसूचीहरुमा संशोधन गर्नको लागि यस गाँउसभा समक्ष यो संशोधन विधेयक प्रस्तुत गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यो ऐनको नाम गौमुखी गाउँपालिका न्यायिक समितिले उजुरीको कारबाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको (पहिलो संशोधन) ऐन, २०७५ रहेको छ ।
   यो ऐन तुरन्त प्रारम्भ हुनेछ ।

२. **गौमुखी गाउँपालिका न्यायिक समितिले उजुरीको कारबाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ दफामा संशोधनः** दफा ९ को उफदफा १, दफा १५ को उपदफा ३, दफा २० को उफदफा ४, दफा ४२ को उपदफा १, दफा ५३ को उपदफा २, दफा ५९, दफा ६० उपदफा १ र दफा ६० को उपदफा (३) को सट्टा यसैसाथ संलग्न दफा ९ को उफदफा १, दफा १५ को उपदफा ३, दफा २० को उफदफा ४, दफा ४२ को उपदफा १, दफा ५३ को उपदफा २, दफा ५९, दफा ६० उपदफा १ र दफा ६० को उपदफा (३) राखिएका छन ।

   दफा ९ को उफदफा १ मा संशोधन

   उजुरी पत्र दर्ता गरी निस्सा दिनेः न्याय प्रशासकले दफा ८ बमोजिम प्राप्त उजुरीमा आवश्यक जाँचबुझ गरी अनुसूची-२ बमोजिमको दर्ता किताबमा त्यस्तो उजुरी दर्ता गरी बादीलाई तारेख तोकि अनुसूची-३ बमोजिम दर्ताको निस्सा दिनुपर्नेछ ।

   दफा १५ को उपदफा ३ मा संशोधन

   प्रतिवादीले लिखित जवाफ दिँदा अनुसूची ८ बमोजिमको ढाँचामा दिनुपर्नेछ ।

   दफा २० को उफदफा ४ मा संशोधन

   उपदफा (१) बमोजिम प्राप्त भएको म्याद वडा कार्यालयले बढिमा तीन दिनभित्र तामेल गरी अनुसूची ७ बमोजिमको ढाँचामा तामेलीको व्यहोरा खुलाई  न्यायिक समितिमा पठाउनु पर्नेछ ।

   दफा ४२ को उपदफा १ मा संशोधन

   समितिले दफा ४१ बमोजिम गरेको निर्णयको पूर्णपाठमा यस दफा बमोजिमका कुराहरु खुलाई अनुसूची-९ बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ ।

दफा ५३ को उपदफा २ मा संशोधन

विवादका पक्षहरुले मिलापपत्रको लागि अनुसूची-१० बमोजिमको ढाँचामा निवेदन दिएमा समितिले उजुरीमा मिलापत्र गराउन उपयुक्त देखेमा अनुसुची-११ बमोजिमको ढाँचामा मिलापत्र गराइदिनेछ ।

दफा ५८ पछि दफा ५९ थप गरी दफा ५९ मा उल्लेख गर्नुपर्ने :

५९. मेलमिलाप केन्द्र गठन : ऐन अन्तर्गत रही प्रत्येक वडा कार्यालयमा मेलमिलाप केन्द्र गठन गर्न सकिनेछ ।

दफा ५९ लाई संशोधन गरी दफा ६० मा राख्नुपर्ने र त्यसपछि क्रमशः ६० लाइ ६१, ६१ लाइ ६२ मा राख्दै जाने

६०. मेलमिलापकर्ताको सूची तयार गर्नेः (१) गौमुखी गाँउपालिका न्यायिक समितिले मेलमिलापको कार्य गराउनको लागि देहाय बमोजिमको योग्यता पुगको व्यक्तिहरूको विवरण खुलाइ मेलमिलापकर्ताको सूची तयार गर्नेछः

(क) नेपाली नागरिक,

(ख) स्थानीय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको व्यक्ति,

(ग) निर्णयकर्तालाई विचाराधीन विवादमा मेलमिलाप गराउन सक्छ भनि उपयुक्त लागेको व्यक्ति,

(घ) २५ बर्ष उमेर पुरा भएको,

(ङ) नैतिक पतन देखिने कुनै फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(च) दामासाहीमा नपरेको,

(छ) होस ठेगानमा रहेको,

(ज) कम्तीमा SLC पास गरेको वा मेलमिलापकर्ताको तालिमबाट प्रमाणपत्र प्राप्त गरेका व्यक्ति,

(२) मेलमिलापकर्ताको सूची तयार गरी कार्यपालिकाबाट अनुमोदन गराउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूची अनुमोदन भएपछि महानगरपालिकाले सार्वजनिक जानकारीको लागि सूचना प्रकाशन गर्नुपर्नेछ ।

मेलमिलापको लागि समयावधि तोक्नेः

(१) महानगरपालिकाले यस एने बमोजिम मेलमिलापको लागि मेलमिलापकर्ता तोक्दा बढीमा एक महिनासम्मको समय तोकी पठाउनेछ । त्यसरी तोकिएको समयमा मेलमिलाप हुन नसकी मले मिलापकर्ताले थप समय माग गरेमा निर्णयकर्ताले बढीमा एक महिनाको समय थप गर्न सक्नेछ।

(२) मेलमिलापको लागि पठाउँदा सामान्यतयाः एक जना र बढीमा तीनजना मेलमिलापकर्ताबाट मेलमिलाप गराउने गरी तोक्नुपर्नेछ ।

पहिलेको दफा ६० को उपदफा (३) लाइ संशोधन गरी अब कायम हुने दफा ६१ को उपदफा (३) मा राख्नुपर्ने ।

६१. मेलमिलापकर्ताको सूची अद्यावधिक गर्नेः (३) यस ऐन तथा प्रचलित कानुनबमोजिम मेलमिलापकर्ताको सूचीमा सूचीकृत गरीपाउनको लागि अनुसूची-१२ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

३. **<u>गौमुखी गाउँपालिका न्यायिक समितिले उजुरीको कारबाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ अनुसूचीमा संशोधन:</u>** अनुसूची-१, अनुसूची-२, अनुसूची-३, अनुसूची-६, अनुसूची-७, अनुसूची-८, अनुसूची-९, अनुसूची-१०, अनुसूची-११, अनुसूची-१२, अनुसूची-१३ र अनुसूची-१५ को सट्टा यसैसाथ संलग्न अनुसूची-१, अनुसूची-२, अनुसूची-३, अनुसूची-६, अनुसूची-७, अनुसूची-८, अनुसूची-९, अनुसूची-१०, अनुसूची-११, अनुसूची-१२, अनुसूची-१३ र अनुसूची-१५ राखिएका छन तथा पहिलेको अनुसूची-३, अनुसूची-४, अनुसूची-१२, अनुसूची-१३, अनुसूची-१४र अनुसूची-१५, लाइ अब कायम हुने अनुसूची-४, अनुसूची-५, अनुसूची-१३, अनुसूची-१४, अनुसूची-१५, र अनुसूची-१६ मा राख्नुपर्नेछ ।

# अनुसूची-१
# (दफा ८ को उपदफा २ सँग सम्बन्धित)

## गौमुखी गाउँपालिका न्यायिक समितिमा चढाएको
## उजुरी पत्र

..................... को नाती/नातिनी/बुहारी ....................... को छोरा/छोरी/पति/पत्नी गौमुखी गाउँपालिका वडा नं. .... बस्ने वर्ष ... को ..................................................१ वादी
(एकभन्दा बढी वादीभए यसै बमोजिमको विवरण प्रत्येक बादीको हकमा उल्लेख गर्ने )

विरुद्ध

..................... को नाती/नातिनी/बुहारी ....................... को छोरा/छोरी/पति/पत्नी गौमुखी गाउँपालिका वडा नं. .... बस्ने वर्ष ... को ..................................................१ प्रतिवादी
(एकभन्दा बढी प्रतिवादी भए यसै बमोजिमको विवरण प्रत्येक प्रतिबादीको हकमा उल्लेख गर्ने ।)

विवाद :- ............................ ।

१. म/हामी उजुरीवाला निम्न प्रकरणहरूमा लेखिए बमोजिम उजुरी गर्दछु/गर्दछौं ।
क) ..........................................................................................।
ख) ..........................................................................................।
ग) ..........................................................................................।
घ) ..........................................................................................।
२. .......ऐन .... को दफा.... बमोजिम यो विवाद यसै कार्यालयको अधिकारक्षेत्र भित्र पर्दछ ।
३. उजुरी गर्न ...... कानुन बमोजिम हदम्याद रहेको छ ।
४. प्रतिबादीलाई आफैँले/कानुन व्यवसायीमार्फत/कार्यालयबाट म्याद तामेल गर्ने व्यवस्था गरी पाउँ ।
५. कानुन व्यवसायी नियुक्त गरेको भए सोको विवरण:
(क) नाम ........... प्रमाणपत्र नं.......

६. देहायको दस्तुर यसैसाथ बुझाउन ल्याएको छु/छौं ।
(क) ............... बापत रु. ............
(ख) ............... बापत रु. ............
(ग) ............... बापत रु. .............
७. फिरादको दाबीलाई पुष्टि गर्ने प्रमाण:-
यस विषयमा देहायको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपि संलग्न गरेको छु/छौं ।
(क) ..........................................................................।
(ख) ..........................................................................।
(ग) ..........................................................................।

८. साक्षीः

(क) ...........................................................................।

(ख) ...........................................................................।

(ग) ...........................................................................।

(साक्षीहरूको पूरा नाम, उमेर र ठेगाना उल्लेख गर्ने)

९. यसमा लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

.......................

उजुरीवालाको दस्तखत र सङ्गठित संस्था भए संस्थाको छाप

इति सम्वत् ............साल .........महिना.........गते ..........रोज.........शुभम् ।

द्रष्टव्य : सङ्गठित संस्थाको तर्फबाट उजुरी दिँदा त्यस्तो संस्थाको नाम तथा ठेगाना र त्यस्तो संस्थाको तर्फबाट उजुरी दिन अधिकार पाएको व्यक्तिको नाम थर र पद उल्लेख गर्नु पर्नेछ ।

# अनुसूची-२
## (दफा ९ को उपदफा १ सँग सम्बन्धित)

| |
|---|
| क्र.सं |
| विवाद नं : |
| दर्ता मिति : |
| वादी/उजुरीकर्ताको दस्तखत : |
| वादी/उजुरीकर्ताको नाम थर वतन : |
| प्रतिवादीको नाम थर वतन : |
| विवादको बिषय : |
| न्याय प्रशासकको नाम, थर : |
| दस्तुर : |
| प्रतिउत्तर परेको वा म्याद समाप्त भएको मिति : |
| निर्णय मिति र निर्णय कर्ता/ निर्णकर्ताहरुको नाम : |
| निर्णयको किसिम : |
| मिसिल बुझ्ने कर्मचारीको नाम : |
| कैफियत : |

# अनुसूची-३
## (दफा ९ को उपदफा १ सँग सम्बन्धित)

## गौमुखी गाउँपालिका न्यायिक समिति
## उजुरी/लिखित जवाफ दर्ताको निस्सा

...................................... विवादको उजुरी/लिखित जबाफ प्राप्त भई यस कार्यालयको दायरी किताबमा दर्ता नं. ..........मिति ......................... मा दर्ता भएकोले यो भरपाई दिइएको छ।

दर्ता गर्ने कर्मचारीको :-
दस्तखत :
नाम :
कार्यालयको छाप पद :

# अनुसूची-६
## (दफा २० को उपदफा ६ सँग सम्बन्धित)

# गौमुखी गाउँपालिका न्यायिक समितिबाट जारी भएको म्याद सूचना

.......................................को छोरा/छोरी/पति/पत्नी प्युठान जिल्ला गौमुखी गाउँपालिका वडा नं. ..............................वस्ने वर्ष............को तपाईं श्री............................... का नाउँमा मिति......................मा......................................................ले.................................विवादको उजुरीपत्र यस समितिमा दिएको हुनाले सो उजुरीको प्रतिलिपि समेत यसैसाथ पठाइएको छ । यो म्याद सूचना तपाईंले पाए वा कानुनबमोजिम टाँस भएको मितिले बाटोको म्याद बाहेक .................... दिनभित्रमा आफनो लिखित जवाफ सहित आफै आउनु वा कानुन वमोजिमको वारेश वा कानुन व्यावसायी पठाउनु हुन सूचित गरिएको छ । अन्यथा कानुन वमोजिम हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्ने छैन ।

म्याद जारी गर्ने अधिकारीको :-

दस्तखत :

नाम :

पद :

तामेली मिति :

इति सम्बत............साल.............महिना.............गते...........रोज........................शुभम् ।

# अनुसूची-७
# (दफा २० को उपदफा ४ सँग सम्बन्धित)

(क) म्याद बुझिलिनु पर्ने व्यक्तिले बुझीलिएकोमा :

...................विषयमा मेरो नाउँमा जारी भएको एक प्रति म्याद र उजुरीको प्रतिलिपि समेत देहायका साक्षीहरूको रोहबरमा म आफैंले बुझी लिएँ भनी दस्तखत गर्ने................।

ख) म्याद बुझिलिनु पर्ने व्यक्तिको एकाघरको परिवारको सदस्यले बुझिलिएकोमा :

.........विषयमा म्यादवाला व्यक्तिले म्याद बुझ्न इन्कार गरेकोले/फेला नपर्दा निजको नाउँको यसै बमोजिमको एकप्रति म्याद र उजुरीको प्रतिलिपि समेत देहायका साक्षीहरूको रोहबरमा बुझीलिएँ भनी दस्तखत गर्ने ....................... एकाघरको...........नाताको वर्ष........को...............................................................।

(ग) म्याद बुझिलिनु पर्ने व्यक्तिको घरदैलोमा टाँस भएकोमा :

....................विषयमा म्याद निजको एकाघरको उमेर पुगेको परिवारको सदस्यसमेत घरमा फेला नपरेकोले/बुझ्न इन्कार गरेकोले निजको नाउँको म्याद र उजुरीको प्रतिलिपि समेत हामी देहायका साक्षीका रोहबरमा निजको घर दैलोमा सबैले देख्ने गरी टाँसी.......................... गा.पा./न.पा.को वडा नं................ कार्यालयमा एकप्रति म्याद दिएको ठीक छ भनी दस्तखत गर्ने हामी देहायका मानिसहरू :-

(घ) म्याद बुझिलिनु पर्ने व्यक्ति फेला नपरी तामेल गर्नु परेकोमा :

.................... विषयको यसै बमोजिमको म्याद बुझी लिनु पर्ने व्यक्ति वा निजको घर समेत खोज तलास गर्दा फेला नपरेकोले निजका नाउँको एकप्रति म्याद सम्बन्धित वडाको ..........ठाउँ वा टोलको सार्वजनिक ठाउँ ............(ठाउँ खुलाउने) .......मा टाँस गरी उजुरीको प्रतिलिपि र तामेली म्याद/. फिर्ता पठाएका छौ भनी दस्तखत गर्ने देहायका मानिसहरू :-

साक्षी :

माथि उल्लेखित खण्ड (.....) बमोजिम हामीहरूको रोहबरमा म्याद तामेली भएको ठीक हो भनी दस्तखत गर्ने :

१ .................जिल्ला .............गा.पा./न.पा. वडा नं. .....गाउँ/टोल.....................बस्ने वर्ष........का श्री ........................................................................।

२................जिल्ला ............गा.पा/न.पा. वडा नं. .......गाउँ/टोल. ..................बस्ने वर्ष.......का श्री ........................................................................।

३. ..............जिल्ला .............गा.पा/न.पा. वडा नं. .......गाउँ/टोल. ................बस्ने वर्ष.......का श्री .........................................................................।

रोहबर :

............. जिल्ला ..................... गा.पा./न.पा वडा नं. ........ का सदस्य/सचिव श्री/श्रीमती .......................................................................।

ङ) घर दैलोमा टाँस भएकोमा/गाउँ, सहर वा टोल पत्ता नलागेकोमा :

यसै बमोजिको एकप्रति म्याद यस .................... गा.पा./न.पा.वडा नं. ......को कार्यालयको सूचना पाटीमा टाँस गर्न दाखिल भयो भनि दस्तखत गर्ने :-

दस्तखत : ...............

कर्मचारी वा पदाधिकारीको नाम : ...............

मिति : .......

काम तामेल गर्नेको :-

दस्तखत :

तामेलदारको नाम :

मिति :

# अनुसूची-८
## (दफा १५ को उपदफा ३ सँग सम्बन्धित)
## गौमुखी गाउँपालिका समक्ष पेश गरेका
## लिखित जबाफ

..................... को नाती/नातिनी/बुहारी ....................... को छोरा/छोरी/पति/पत्नी गौमुखी गाउँपालिका वडा नं. .... बस्ने वर्ष ... को ..................................................१ प्रतिवादी

(एकभन्दा बढी प्रतिवादी भए यसै वमोजिमको विवरण प्रत्येक प्रतिबादीको हकमा उल्लेख गर्ने ।)

विरुद्ध

..................... को नाती/नातिनी/बुहारी ....................... को छोरा/छोरी/पति/पत्नी गौमुखी गाउँपालिका वडा नं. .... बस्ने वर्ष ... को ..................................................१ वादी

(एकभन्दा बढी वादी भए यसै बमोजिमको विवरण प्रत्येक वादीको हकमा उल्लेख गर्ने )

विवाद :- ............................ ।

उल्लिखित विपक्षी भएको उक्त विवादमा यस कार्यालयबाट मेरा/हाम्रा नाममा जारी भएको म्याद मिति ......... मा प्राप्त भएकोले......... सो उजुरीका सम्बन्धमा देहायको व्यहोराको लिखित जवाफ लिई उपस्थित भएको छु/छौं ।

१. बादीले उजुरीमा दाबी गरेका विषयहरूका सम्बन्धमा मेरो/हाम्रो भएको यथार्थ व्यहोरा निम्न प्रकरणहरूमा खुलाएको छु/छौं :

क) ..........................................................................।

ख) ..........................................................................।

ग) ............................................................................।

२. उजुरी दावी पूर्णरूपमा वा आंशिक रूपमा स्वीकार गर्दछु/गर्दछौं/गर्दिनँ/गर्दैनौ ।
(उजुरीदावी आंशिक रूपमा स्वीकार गरेको भए स्वीकार गरेको आधार र कारण उल्लेख गर्ने)

क) ............................................................।

ख) ..............................................................।

ग) ............................................................।

३. प्रतिदावी कुनै भए उल्लेख गर्ने :

क) .........................................................।

ख) .........................................................।

(ग) .........................................................।

४. कानुन व्यवसायी नियुक्त गरेको भए निजको नाम र प्रमाणपत्र नं........

५. देहायको दस्तुर यसैसाथ बुझाउन ल्याएको छु/छौं ।

(क) ............... बापत रु. ............

(ख) ............... बापत रु. ............

(ग) ............... बापत रु. .............

६. यस विषयमा देहायको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपि संलग्न गरेको छु/छौं ।

(क) .........................................................................।

(ख) .........................................................................।

(ग) ...........................................................................।

७. साक्षी :- देहाय बमोजिमका साक्षी कार्यालयले खोजेका बखत आफैं उपस्थित गराउनेछु ।

क) ...........................................................।

ख) ............................................................।

ग) ............................................................।

(साक्षीहरूको पूरा नाम, उमेर र ठेगाना)

८. यसमा लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

...........................
लिखित जबाफकर्ता

इति सम्वत्..........साल ..........महिना.......गते .........रोज........शुभम् ।

द्रष्टव्य : सङ्गठित संस्थाको तर्फबाट लिखित जवाफ दिँदा त्यस्तो संस्थाको नाम तथा ठेगाना र त्यस्तो संस्थाको तर्फबाट लिखित जबाफ दिन अधिकार पाएको व्यक्तिको अख्तियारनामा ,नाम थर र पद उल्लेख गर्नु पर्नेछ ।

# अनुसूची-९
## (दफा ४२ को उपदफा १ सँग सम्बन्धित)

# गौमुखी  गाउँपालिका न्यायिक समिति
## संयुक्त इजलास

**संयोजक श्री ...............................................**
**सदस्य श्री ...................................................**
**सदस्य श्री ...................................................**

**निर्णय**

**.................सालको दर्ता नं. .................**

**विवादको बिषय : .......................... ।**

**वादीको नाम, थर र ठेगाना-**
.....................................

प्रतिवादीको नाम, थर र ठेगाना-
....................................

(एकभन्दा बढी वादी/प्रतिवादी भए यसै बमोजिमको विवरण प्रत्येक वादी/प्रतिवादीको हकमा उल्लेख गर्ने)

वादीको साक्षी ...........................
कागजात प्रमाण ............................

प्रतिवादीको साक्षी ...........................
कागजात प्रमाण ............................

न्यायिक समितिबाट बुझेको .........................
साक्षी...................
कागजात प्रमाण ............................

**उजुरीको संक्षिप्त तथ्य** **सहितको विवरण :**

वादीको दाबी :
प्रतिवादीको जिकिर र प्रतिरक्षा :
बादी/प्रतिवादीले पेश गरेको प्रमाण :

**ठहर**

पक्षहरुबीच कुरा मिली वा नमिली निर्णय गर्नुपर्ने बिषयहरु :
निर्णयकर्ताले ठहर गरेको विषय र आधार :
ठहर गर्न लिइएको सम्बद्ध कानुन :

## तपसिल

निर्णय भएको विषय कार्यान्वयन गर्नुपर्ने बुँदा :
पुनरावेदनसम्बन्धी विषय :
(एकभन्दा बढी प्रतिवादी भए यसै बमोजिमको विवरण प्रत्येक प्रतिवादीको हकमा उल्लेख गर्ने)
(निर्णयको तपसिलमा विवादको निर्णय गर्ने निर्णयकर्ता विवादको प्रकृति अनुसार निर्णय कार्यान्वयन गर्ने, पुनरावेदन लाग्ने भए सो कुरा र अन्य कुनै कुरा भए सो आवश्यकताअनुसार उल्लेख गर्नुपर्नेछ ।)
निर्णयकर्ताको दस्तखत :

संयोजक .................................. सदस्य ............................. सदस्य ........................

निर्णय तयार गर्न सहयोग पुऱ्याउने
कर्मचारीको नाम :
पद :

# अनुसूची-१०
# (दफा ५३ को उपदफा २ सँग सम्बन्धित)

# गौमुखी गाउँपालिका न्यायिक समितिमा चढाएको निवेदन पत्र

...................... को नाती/नातिनी/बुहारी ........................ को छोरा/छोरी/पति/पत्नी गौमुखी गाउँपालिका वडा नं. .... बस्ने वर्ष ... को ...................................................१ वादी
(एकभन्दा बढी वादी भए यसै बमोजिमको विवरण प्रत्येक वादीको हकमा उल्लेख गर्ने)

विरुद्ध

..........................को नाती/नातिनी/बुहारी ............................को छोरा/छोरी/पति/पत्नी गौमुखी गाउँपालिका वडा नं. ..............बस्ने वर्ष ..... को ..............................................१ प्रतिवादी
(एकभन्दा बढी प्रतिवादी भए यसै बमोजिमको विवरण प्रत्येक प्रतिवादीको हकमा उल्लेख गर्ने)

बिषयः मेलमिलापद्वारा विवाद समाधान गरी पाउँ ।

रु १० संलग्न राखि निम्न व्यहोराको निवेदन गर्दछु/गर्दछौं :-

१ .................................. बादी/निवेदक र .................प्रतिवादी रहेको यस गाउँपालिका न्यायिक समितिमा मिति.............मा दर्ता भई कारवाहीको क्रममा रहेको..... बिषयको विवाद मेलमिलापको प्रकृयाबाट समाधान गर्न यस विवादमा हामी दुबै पक्ष मन्जुर रहेको हुँदा सो विवाद मेलमिलापको प्रकृयाबाट समाधान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गरी पाउन यो निवेदन पेश गरेका छौं ।

२. निवेदनमा लेखिएको व्यहोरा ठीक साँचो छ, झुठ्ठा ठहरे कानुन बमोजिम सहूँला बुझाँला ।

| वादी/निवेदकको | प्रतिवादीको |
|---|---|
| सही : | सही : |
| नाम : | नाम : |
| मिति : | मिति : |

# अनुसूची-११
# (दफा ५३ को उपदफा २ सँग सम्बन्धित)
# गौमुखी गाउँपालिका न्यायिक समितिबाट गरिएको
# मिलापत्र

क) मेलमिलापकर्ताको नाम, थर, वतन :-
१)
२)
३)
क) निवेदक/उजुरीकर्ता/वादी को नाम, थर ,वतन :-
१)
२)
३)
ख) प्रतिवादी/प्रत्यर्थी को नाम, थर ,वतन :-
१)
२)
३)
ग) विवादको दर्ता नं :-

घ) विवादको बिषय :-
च) विवादको संक्षिप्त व्यहोरा :-
छ) मेलमिलापका मुख्य मुख्य बुँदाहरु :-
१.
२.
३.
४.
५.
६.
७.

| | |
|---|---|
| वादीको | प्रतिवादीको |
| सही : | सही : |
| नाम : | नाम : |
| मिति : | मिति : |

यस ऐन तथा मेलमिलाप सम्बन्धी प्रचलित संघीय कानुन बमोजिम माथि उल्लिखित शर्तमा यो विवाद मेलमिलापको माध्यमबाट समाधान भएको प्रमाणित गर्दछौं ।

| | | |
|---|---|---|
| ................. | .......................... | .............. |
| सही | सही | सही |
| निर्णयकर्ता | निर्णयकर्ता | निर्णयकर्ता |

# अनुसूची-१२
## (दफा ६१ को उपदफा ३ सँग सम्बन्धित)

## गौमुखी गाउँपालिका समक्ष पेश गरेको
## निवेदन पत्र

फोटो

विषयः मेलमिलापकर्तामा सूचीकृत हुन पाउँ ।

प्रस्तुत विषयमा तपसिलमा उल्लेखित कागजातहरुको प्रतिलिपि साथै राखी गौमुखी गाउँपालिका न्यायिक समिति अन्तर्गतका ........................ मेलमिलाप केन्द्रमा सूचीकृत भई मेलमिलाप गराउन अनुमति पाउँ भनि निवेदन गर्दछु ।

तपसिल

१) नागरिकता प्रमाणपत्रको छाँयाकपि,
२) SLC तहसम्म उतिर्ण गरेको शैक्षिक प्रमाणपत्रको छाँयाकपि,
३) मेलमिलापकर्ताको तालिमबाट प्रमाणपत्र प्राप्त गरेका भए सोको छाँयाकपि,
४) होस ठेगानमा रहेको तथा दामासाहिमा नपरेको भन्ने सम्बन्धित वडा कार्यालयको पत्र,
५) व्यक्तिगत विवरण (Bio- data)

निवेदक

नाम थरः ............................

दस्तखतः ............................

मितिः ...............................

आज्ञाले,

राजिब पन्थी

प्रमुख प्रशासकीय अधिकृत